# राइटर अङ्कलको आर्थिक दुर्नियति र रश्मिको मनोविज्ञान

सुभाषचन्द्र न्यौपाने, विद्यावारिधि
उपप्राध्यापक : नेपाली
त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, धरान
subashneupane953@gmail.com
**DOI:** https://doi.org/10.3126/ss.v2i2.69314

## लेखसार

*प्रस्तुत लेख नाटककार गोपाल देवानको राइटर अङ्कल एकाङ्कीमा प्रस्तुत आर्थिक दुर्नियति र मनोविज्ञानको विश्लेषणमा केन्द्रित छ । २०७६ सालमा प्रकाशित प्रस्तुत एकाङ्की २०५० सालमा तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित नाटक महोत्सवमा प्रदर्शन गरिएको थियो । आरम्भ नाट्यसमूहरूद्वारा प्रदर्शित यस नाटकलाई दर्शक समूहद्वारा अत्यधिक मन पराइएको थियो । २०४६ सालको राजनैतिक आन्दोलनको पृष्ठभूमिमा लेखिएको यस एकाङ्कीमा नेपालमा लेखकहरूले केकस्तो आर्थिक दुर्नियति भोग्नुपर्छ भन्ने कुराको विश्लेषणका साथै बालमनोविज्ञानलाई केकसरी प्रस्तुत गरिएको छ भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा प्राथमिक सामग्रीका रूपमा नाटककार गोपाल देवानको सन्तापको धून नाटक सङ्ग्रहभित्र समाविष्ट राइटर अङ्कल एकाङ्कीलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा यस एकाङ्की नाटकमाथि प्रकाश पारी लेखिएका लेखहरू तथा नियतिवाद र मनोवैज्ञानिक चिन्तनका बारेमा प्रकाश पारी लेखिएका सामग्रीहरूको उपयोग गरिएको छ । सामग्री विश्लेषणका क्रममा निगमनात्मक विधिअनुसार नियतिवाद र मनोविज्ञानका स्थापित सिद्धान्तका आधारमा व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी प्रस्तुत लेखलाई पूर्णता दिइएको छ । समाज परिवर्तनका संवाहक साहित्यकारहरूले समाजका अगाडि केकसरी निरीह भएर जीवन यापन गर्नुपर्छ र उनीहरूले आर्थिक अभावकै कारण केकस्तो अपमानपूर्ण व्यवहार सहेर अभिशप्त जीवन बाँच्न बाध्य हुनुपर्छ भन्ने कुरा प्रस्तुत गर्नुका साथै एउटी बालिकाको मनोविज्ञान सामाजिक व्यवहारले कसरी विचलित बनेको हुन्छ भन्ने कुराको विश्लेषणका माध्यमबाट यो एकाङ्की नियतिवाद र मनोविज्ञानमा आधारित समाजको ज्वलन्त कारुणिक चित्र हो भन्ने निष्कर्ष यस लेखको विश्लेषणबाट निकालिएको छ ।*

***शब्दकुञ्जी :*** अबोधपन, क्रूरता, दुर्नियति, मनोविज्ञान ।

## विषय परिचय

*राइटर अङ्कल* एकाङ्की नाटकमा प्रस्तुत आर्थिक दुर्नियति र बालमनोविज्ञानको विश्लेषण गर्नु नै प्रस्तुत लेखको मूल विषय हो । समसामयिक राजनीतिलाई नजिकबाट नियालेर राजनीतिमा देखिएको विकृति र विसङ्गतिबाट विरक्त भई साहित्यसाधनामा लागेका स्रष्टा हुन् गोपाल देवान । नेपाली कविता र नाटकका क्षेत्रमा कलम चलाउने देवान कुशल नाट्यकर्मी र अभिनेता पनि हुन् । वि सं २०२० सालमा विराटनगरमा जन्मिएका नाटककार देवानको कर्मथलो भने सानै उमेरदेखि सुनसरीको धरान नै बन्न पुग्यो । २०४५/४६ सालदेखि नै विभिन्न रङ्गमञ्चहरूमा अभिनय गर्दै आएका देवानको पहिलो नाटक सङ्ग्रहका रूपमा *दमनको राप* प्रकाशित भएको छ । देवान नेपाली नाट्यइतिहासको समसामयिक युगका कुशल नाट्यस्रष्टा हुन् । देवानका नाटकमा २०४५ सालको राजनैतिक परिवर्तन र त्यसले सिर्जना गरेका नकारात्मक तथा सकारात्मक पक्षमाथि विमर्श गरिएको पाइन्छ । खास गरी निरङ्कुशताका विरुद्ध स्वतन्त्रताका लागि ज्यानको बलिदान दिने सहिदहरूको त्यागको मूल्यमाथि खेलवाड गर्ने राजनीतिज्ञहरूप्रति देवानका नाटकमा तीखो व्यङ्ग्य प्रहार गरिएको हुन्छ भने जनताहरूले जेजस्ता इच्छा र चाहना राखी बलिदानीपूर्ण सङ्घर्ष गरेका थिए त्यसको उपेक्षा भएको र केही सीमित व्यक्तिहरूले राज्यसत्ता कब्जा गरी देशको ढिकुटीमाथि हालिमुहाली गर्दै बलिदानीपूर्ण सहिदहरूको रगतको आहालमाथि खेलवाड गरेकोमा नाटककार देवानले तीव्र आक्रोश पोखेका छन् । देवानको *दमनको राप* नाटक सङ्ग्रहमा *दमनको राप, राइटर कङ्कल, अधूरो क्यानभास* र *फेरि अर्को लङ्का ध्वस्त हुने छैन* गरी चारओटा एकाङ्की नाटकहरू सङ्कलन गरिएका छन् । यी नाटक एकाङ्कीहरूमध्ये *राइटर अङ्कल* एकाङ्की नाटकमा अभिव्यक्त नियतिवाद र बालमनोविज्ञानको विश्लेषण गर्नु प्रस्तुत लेखको मूल विषय हो ।

## समस्याकथन

नाटककार गोपाल देवानको *राइटर अङ्कल* एकाङ्की नाटकलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने आधारहरू रहेका छन् । प्रस्तुत नाटकमा केकस्तो नियतिवाद र बालमनोविज्ञानको प्रयोग केकसरी गरिएको छ भन्ने मूल समस्यालाई लिएर यो लेख तयार गरिएको हो । समाजमा लेखक कलाकारहरूको जीवन आर्थिक सङ्कटका कारण केकस्तो दयनीय बनेको छ र अभिभावकहरूको व्यवहारले बालबालिकाको मनोविज्ञानमा केकस्तो नकारात्मक असर पर्छ भन्ने मूल प्रश्नलाई लिएर यो लेख तयार पारिएको छ ।

## उद्देश्य

समस्याकथनमा उठाइएको प्राज्ञिक प्रश्नको समाधान खोज्नु नै प्रस् प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । समाजमा लेखक कलाकारहरूको जीवन आर्थिक सङ्कटका कारण केकस्तो दयनीय बनेको छ र अभिभावकहरूको व्यवहारले बालबालिकाको मनोविज्ञानमा केकस्तो नकारात्मक असर पर्छ भन्ने मूल उद्देश्यमा केन्द्रित रहेर प्रस्तुत एकाङ्की नाटकको विश्लेषण गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

नाटककार गोपाल देवानका नाटकहरू २०४६ सालदेखि नै देशका विभिन्न सहरहरूमा प्रदर्शित हुँदै आएका भए पनि उनका नाटकहरूको प्रकाशन भने २०७६ सालमा मात्र भएको पाइन्छ । लामो समयसम्म रङ्गमञ्चीय कलामा रमाउने नाटककार देवानका नाट्यकृतिहरूका बारेमा खासै चर्चापरिचर्चा भएको पाइँदैन । त्यसैले उनको *दमनको राप* कृति प्रकाशनका सन्दर्भमा भूमिका शुभकामना तथा पत्रपत्रिका र जर्नलहरूमा आएका विचारहरूलाई नै पूर्वकार्यका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

सरुभक्त (२०७६) ले 'अविराम शुभकामना 'शीर्षकको भूमिकामा नाटककार गोपाल देवानको *दमनको राप* नाटक सङ्ग्रहमा सङ्कलित चारओटै एकाङ्की नाटकमाथि छोटो टिप्पणी गरेका छन् । देवानका नाटकहरूको टिप्पणीका क्रममा *राइटर अङ्कल* एकाङ्की नाटकमा यथार्थ र प्रतीकको एक संयुक्त बिम्ब निर्माण गरिएको छ यस नाटकमा बेरोजगार र विपन्न लेखकको दुरावस्थालाई देखाउँदै लेखकीय प्रतिभालाई हेय दृष्टिले हेर्ने सिर्जनाको मनोविज्ञानलाई प्रस्तुत गर्नुका साथै एउटी बालिकाको लेखकप्रतिको आत्मीयतालाई प्रस्तुत गरिएको छ भन्ने कुरा सरुभक्तले प्रस्तुत गरेका छन् । सरुभक्तले प्रस्तुत सन्दर्भमा विषयवस्तुका बारेमा मात्र सङ्केत गरेकाले यस एकाङ्की नाटकको नियतिगत तथा मनोवैज्ञानिक अध्ययन हुन सकेको पाइँदैन । त्यसैले प्रस्तुत नाटकमा अभिव्यक्त नियतिवाद र मनोविज्ञानको विश्लेषणका लागि यो लेख तयार गर्नुपर्ने आवश्यकता देखिएको हो ।

नेत्रप्रसाद काफ्ले (२०७६) ले *अधूरो क्यान्भास* नाटक सङ्ग्रहको 'प्रकाशकीय' मा नाटककार गोपाल देवानको व्यक्तित्वका विविध पाटाहरूमाथि प्रकाश पार्दै देवानले पच्चीसओटा नाटकका माध्यमबाट नेपालको राजनैतिक जागरण र सचेतनाको शङ्खघोष गरेको कुरा उल्लेख गरेका छन् । यी पच्चीसओटा नाटकहरूमध्ये *दमनको राप* नाटक सङ्ग्रहका नाटकहरूले धरान र काठमाडौंका रङ्गमञ्चहरूमा ठूलै तहल्का मच्चाएको सन्दर्भको उल्लेख काफ्लेले आफ्नो प्रकाशकीयमा गरेका छन् । उनले यस एकाङ्की नाटकहरूका अन्य पक्ष र विषयवस्तुका बारेमा कुनै सङ्केत गरेका छैनन् । त्यसैले प्रस्तुत एकाङ्कीको विश्लेषण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

सुभाषचन्द्र न्यौपाने (२०७९) ले 'अधुरो क्यान्भासमा राजनैतिक व्यङ्ग्य' नामक लेखमा नाटककार देवानको *अधुरो क्यान्भास* नाटकमा प्रस्तुत राजनैतिक व्यङ्ग्यको विश्लेषण गरेका छन् । प्रस्तुत एकाङ्कीमा लोकतन्त्र र गणतन्त्र कागजमा मात्र सीमित भएको कुरा देवानले उल्लेख गरेका छन् भन्दै न्यौपानेले हिजोभन्दा आज अझ बढी समाजमा आतङ्क भएको सन्दर्भ देवानाका रचनामा प्रस्तुत भएका छन् भन्ने कुरा उल्लेख गरेका छन् तर राइटर अङ्कल एकाङ्की नाटकका बारेमा विश्लेषण नगरेका हुनाले यो लेख तयार पार्नुपर्ने आवश्यकता देखिएको हो ।

सुभाषचन्द्र न्यौपाने (२०८०) ले 'अधूरो क्यान्भासमा राजनैतिक व्यङ्ग्य र विसङ्गति' शीर्षकको लेखमा नाटककार गोपाल देवानको *अधूरो क्यान्भास* एकाङ्की नाटकमा नेपालको वर्तमान राजनीतिको कुरूप पक्षलाई केकसरी उतारिएको छ र यस नाटकमा नेपाली जनताहरू राजनीतिबाट कसरी विरक्त बनी अभिशप्त जीवन बाँच्न बाध्य छन् भन्ने कुराको विश्लेषण गरेका छन् भने समाजमा राजनीतिले सिर्जना गरेका विकृतिविसङ्गतिको पनि

चित्रण गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् तर राइटर अङ्कल एङ्काकी बारेमा कुनै कुरा उल्लेख नगरेका हुनाले यस एकाङ्की नाटकको विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएको हो ।

नाटककार देवानको *राइटर अङ्कल* एकाङ्की नाटक प्रकाशन भएको लामो समय नभएकाले यस एकाङ्की नाटक सङ्ग्रहका बारेमा पनि व्यापक रूपमा चर्चापरिचर्चा र विश्लेषणहरू भएका पाइँदैनन् । पुस्तक प्रकाशनका क्रममा आएका विचारहरू र पत्रपत्रिका तथा जर्नलहरूमा प्रकाशित यिनै विचारलाई पूर्वकार्य समीक्षाका रूपमा चर्चा गरी हालसम्म हुन नसकेको नियतिवादी र मनोवैज्ञानिक दृष्टिकोण नै रिक्त रहन पुगेको देखिन्छ । यही शोध शोधरिक्तता पूरा गर्ने प्रयोजनका लागि यो लेख तयार गरिएको हो ।

## सीमाङ्कन

*राइटर अङ्कल* एकाङ्की नाटक नाटककार गोपाल देवानको सामाजिक विषयमा मनोवैज्ञानिक एकाङ्की नाटक हो । यस एकाङ्की नाटकमा केकस्तो नियतिवाद र बालमनोविज्ञानको प्रयोग भएको छ भन्ने कुराको विश्लेषणमा यो लेख सीमित रहेको छ । समाजमा लेखक कलाकारहरूको आर्थिक अवस्था केकस्तो दयनीय रहेको छ र उनीहरूले आर्थिक अभावका कारण समाजबाट कसरी उपेक्षित भएर अपहेलित भएर तिरस्कृत भएर सङ्कटग्रस्त जीवन बाँच्न बाध्य हुनुपर्छ र समाजका अभिभावकहरूको दुर्व्यवहारका कारण बालबालिकाहरू केकस्तो मानसिक रोगका सिकार बन्न बाध्य हुन्छन् भन्ने कुराको मात्र विश्लेषण गर्नु प्रस्तुत अध्ययनको सीमा हो ।

## शोधविधि

प्रस्तुत लेख तयारीका क्रममा सामग्री सङ्कलन तथा विश्लेषण विधिको प्रयोग गरिएको छ । यी विधिहरूलाई क्रमशः तल चिनाइएको छ ।

### *सामग्री सङ्कलनविधि*

यसमा समस्याको समाधानका लागि पुस्तकालयीय स्रोतबाट सामग्रीहरू जुटाइएको छ । प्रस्तुत एकाङ्की प्रकाशित भएको लामो समय नभएकाले यस एकाङ्कीका बारेमा प्रकाश पारिएका धेरै सामग्रीहरूको अभाव नै रहेको देखिन्छ । अतः यस नाटक सङ्ग्रहको भूमिका, पत्रपत्रिका तथा जर्नलहरूमा प्रकाशित लेख तथा प्रकाशकीयका रूपमा आएका सामग्रीहरू एवम्  नियतिवाद र मनोविज्ञानसँग सम्बन्धित ग्रन्थहरू नै प्रस्तुत अध्ययनका लागि द्वितीयक सामग्रीका रूपमा रहेका छन् भने प्राथमिक सामग्रीका रूपमा नाटककार गोपाल देवानको *दमनको राप* नाटक *सङ्ग्रह* रहेको छ । यिनै पुस्तकालयीय स्रोतका सामग्रीहरूबाट प्रस्तुत लेख तयार पारिएको छ ।

### *विश्लेषणविधि*

प्रस्तुत लेखलाई व्यवस्थित एवम् वस्तुगत रूपमा अगाडि बढाउनका लागि निगमनात्मक विधिको प्रयोग गरिएको छ । गोपाल देवानको *राइटर अङ्कल* एकाङ्की नाटकको गुणात्मक ढाँचामा केन्द्रित रहेर विश्लेषण गरिएको

छ । खास गरी प्रस्तुत अध्ययनमा कृतिगत उद्धरणको व्याख्या तथा विश्लेषण गर्ने विश्लेषणात्मक ढाँचामा आधारित भई निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

मानिस परिस्थितिको दास हो । उसले नचाहँदा नचाहँदै वा जान्दा जान्दै पनि जीवनमा दुःखद परिणाम भोग्न विवश हुनुपर्छ । त्यस्तो परिस्थितिको स्वीकार्यतालाई मानव नियति मानिएको छ (अधिकारी, २०६५, पृ. १०९) । जस्तो सुकै अवस्थामा पनि मानिसले कर्मवाद र भाग्यवादका रूपमा सुखदुःख, लाभहानी, सुखीपीडा आदिको परिणाम भोग्न बाध्य हुनुपर्छ भन्ने पूर्वीय अवधारणा नै नियतिवाद हो । मानिसको प्रारब्धमा जे कुरा लेखिएको हुछ त्यही मात्र जीवनमा प्राप्त हुन्छ र भोग्नुपर्छ भन्ने सिद्धान्त वा मान्छेले पूर्वजन्मको कमाइ वा कर्मको फल नै भोग्नुपर्छ भन्ने चिन्तन नै नियतिवाद हो । प्रस्तुत एकाङ्की नाटकमा यही नियतिवादको सिकार भएको लेखकको जीवन कति कष्टपूर्ण छ भन्ने भन्ने कुराको विश्लेषण गरिएको छ ।

मानवीय व्यवहार तथा व्यक्तित्वको निमार्ण गर्ने मनलाई विशेष महत्त्व दिने मनोवैज्ञानिक सम्प्रदाय नै मनोविज्ञान हो । यसले मानिसका अचेतन मानसिक क्रियाकलापको अनुसन्धान गर्छ भने यस सिद्धान्तलाई मानसिक विकृतिको व्याख्या र उपचार गर्ने मनोचिकित्सा पद्धतिका रूपमा पनि लिइन्छ । साहित्यको सम्बन्ध मानव मनसँग रहेको हुँदा साहित्य र मानव मनका बिच घनिष्ट सम्बन्ध रहेको हुन्छ । मनोविश्लेषणले मानिसको मन तथा व्यक्तित्वको सैद्धान्तिक अध्ययन गर्ने हुँदा यसलाई मनोविश्लेषणात्मक सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्तको प्रतिपादन फ्रायडले गरेका हुनाले यस सिद्धान्तलाई फ्रायडवाद पनि भनिन्छ । (शर्मा र लुइटेल,२०६१, पृ.१६१) । मान्छेले आत्मरक्षा तथा जातिरक्षाका लागि गर्ने क्रियाकलापहरू महत्त्वपूर्ण जीवनमूलक प्रवृत्ति हुन् । यसै जीवनमूलक वृत्तिले व्यक्तिलाई आफ्नो जीवनलक्ष्यतर्फ गतिशील हुने प्रेरणा दिन्छ भन्ने मान्यता फ्रायडको रहेको छ । मान्छेका अन्तरमनका अपरिभाष्य, अदृश्य अनेक पत्रहरू, कोठाहरू, तिनका तहहरू, सुषुप्त अवस्थामा रहेका अतृप्त र संवेगजन्य उत्सुकता तथा अभिलाषाहरूको प्रस्तुति मनोविज्ञानले गर्छ । मान्छेका अन्तरमनका इच्छा र बुभुक्षाहरू पूर्ति हुन नसकेका कारणले खण्डित रहेका अवस्थामा तिनको परिपूर्तिको याचना प्रकट गर्ने क्रममा सहायक तत्त्व बनेर अभिव्यक्त हुने प्रक्रियाहरूकै कारण र परिणामसमेतको पहिचान यस विज्ञानले गर्दछ । (सुवेदी, २०६४, पृ.२४५) फ्रायडले मान्छेको मनका चेतन, अवचेतन र अचेतन मन गरी तीन तहको उल्लेख गर्दै मनोरोगीका स्वप्नहरूको विश्लेषण र टिपोट गर्दै मनोविश्लेषणको स्थापना गरेका हुन् । अचेतनका अधुरा अनुभूति, इच्छा र आकाङ्क्षाहरू अवचेतन मनको स्वप्न प्रक्रियामा पूरा हुन खोज्छन् भन्दै साहित्यकार पनि एउटा मनोरोगी कलाकार हो र उसले आफ्ना दमित वासना वा एषणालाई कुनै कृतिगत पात्रका माध्यमबाट रूपान्तरण गरी प्रस्तुत गर्दछ भन्ने फ्रायडको धारणा रहेको छ (आचार्य, २०६२, पृ. ४७) ।

मान्छेभित्रका दमित वासना, भावना, अवसरको कमी, हीनताभास, कुण्ठा, छट्पटी, आफ्ना आकाङ्क्षाको अपूर्णताका साथै आत्मिक कामेच्छाहरूको अभिव्यक्ति साहित्यमा हुन्छ । उच्चता ग्रन्थीका आकाङ्क्षाहरू पूरा नभएपछि स्वयम् मान्छेभित्र हीनताबोध भई ऊ पिरोलिएर, दबिएर बस्न बाध्य हुन्छ र त्यसले निकास नपाउँदा चेतनमन अनियन्त्रित भएको व्यक्ति मनोरोगी बन्छ । व्यक्तिको यही मनोरोगी अवस्थाको विश्लेषण मनोविज्ञानले गर्दछ । चेतन, अवचेतन र अचेतन मनमध्ये अचेतन मनका कुण्ठाहरू अवचेतनामार्फत बेलाबेलामा स्वप्न, दिवास्वप्न, विभिन्न मनोविकार दैनिक सामान्य, असामान्य क्रियाकलाप, उच्चतर र हीनतर कार्य आदिका रूपमा रूपान्तरित भएर बाह्य रूपमा प्रकट भइरहन्छन् । मान्छेका अचेतन मनका अतृप्त एवम् दमित अवस्थामा रहेका यस्ता कुण्ठित कामेच्छाहरूको प्रबलता जति जति बढ्दै जान्छ ती कामेच्छाहरूको तृप्तिका लागि त्यति नै बढी प्रयत्न गर्न थाल्छन् र विभिन्न छद्म रूप धारण गरेर तृप्तिको मार्ग अपनाउँछन् । यही कारणले गर्दा मान्छेमा सानाठुला, उच्चतर, हीनतर अनि सिर्जनात्मक, ध्वंशात्मक सबै किसिमका व्यवहारका पछाडि अचेतन, अवचेतन प्राप्त कुण्ठाको प्रेरणा प्रत्यक्ष परोक्ष रूपमा रहेको हुन्छ । (श्रेष्ठ, २०५८, पृ.२२५) नाटककार गोपाल देवानको *राइटर अङ्कल* एकाङ्की नाटककी बालिकामा अबोधपनाका कारण उत्पन्न अनेक जिज्ञासाहरूको समाधान हुन नसक्दा उसको मानसिकतामा गम्भीर चोट पुग्न गएको छ । आफ्नी आमाको राइटर अङ्कलप्रतिको व्यवहार किन यति कठोर र आफ्ना सबै जिज्ञासाहरूको समाधान तिमी ठूली भएपछि मात्र बुझ्ने छौ भन्ने राइटर अङ्कलको जवाफले बालिकाको मनमा उत्पन्न उत्सुकताले केकस्तो मनोवैज्ञानिक स्वरूप प्राप्त गरेको छ भन्ने कुराको विश्लेषण गर्ने काम यस लेखमा गरिएको छ ।

जन्मदेखि नै मानिस असहाय हुन्छ । उसमा ठुला मानिसका तुलनामा आङ्गिक, मानसिक हीनताको अनुभव बढ्दै जान्छ । आफ्ना दैनिक कार्यहरूमा क्रियात्मक कमी तथा मानसिक अल्प क्षमताको भावले व्यक्तिमा लघुताभास उत्पन्न हुँदै जान्छ । यसरी क्रमशः विकसित हुँदै गरेको लघुत्वको भावना ग्रन्थीका रूपमा विकसित भएर स्थिर हुन थाल्छ । यसैलाई हीनताग्रन्थी भनिन्छ । यसरी व्यक्तिमा हीनताग्रन्थीको विकास भइसकेपछि त्यसैको क्षतिपूर्तिका लागि व्यक्ति नयाँ जीवनशैलीको चयन र निर्माणमा लाग्दछ । (बराल र एटम, २०५८, पृ.१३५ । बालबालिका भनेका समाजका कच्चा माटोका ढिस्का जस्ता हुन् । उनीहरूलाई समाज र अभिभावकहरूले जुन रूपमा बनाउन चाह्यो त्यही रूपमा निमार्ण गर्न सक्छन् तर समाज र अभिभावकबाट उचित मार्ग निर्देश नहुँदा बालबालिकाहरूको मानसिकतामा कस्तो नकारात्मक असर पर्छ भन्ने कुराको मनोवैज्ञानिक रूपमा विश्लेषण गर्ने काम यस लेखमा गरिएको छ ।

## छलफल तथा परिणाम

### एकाङ्की रचनाको पृष्ठभूमि

नाटककार गोपाल देवानको सामाजिक विषयवस्तुमा लेखिएको प्रस्तुत एकाङ्की नाटकमा एउटा साहित्यकारको आर्थिक दुर्नियतिको विश्लेषणका साथै एक अबोध बालिका रश्मिको मनोविज्ञानलाई देखाउने लक्ष्य राखिएको छ । नाटककार गोपाल देवानको *दमनको राप नाटक सङ्ग्रह* (२०७६) भित्र सङ्कलित *राइटर अङ्कल* चार दृश्यमा विभाजित लघु एकाङ्की हो । प्रस्तुत लघु एकाङ्की/नाटकको प्रकाशन २०७६ सालमा मात्र भए पनि यो एकाङ्की नाटकको लेखन भने २०४५/४६ सालतिरै भएको पाइन्छ । यो एकाङ्की नाटक तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा आयोजित राष्ट्रिय नाटक महोत्सवमा प्रदर्शन गरिएको थियो । आरम्भ नाट्य समूहद्वारा प्रदर्शित यस एकाङ्की नाटकलाई दर्शक वर्गबाट अत्यन्त रुचाइएको थियो । यो लघु एकाङ्की नाटक पूर्वका इटहरी, धरानजस्ता सहरहरूमा पनि सफलतापूर्वक मञ्चन भएको थियो ।

### राइटर अङ्कलमा नियतिवाद र बालमनोविज्ञान

*राइटर अङ्कल* एक साहित्यकारको आर्थिक दुरावस्थाको कारुणिक जीवनगाथामा आधारित एकाङ्की नाटक हो । राइटर अङ्कल सहरको कुनै डेरामा बसेर निरन्तर साहित्यसाधनामा तल्लीन युवा हो । सहरको डेरामा बस्दा घरवालाकी सानी छोरी रश्मिले बोलाउने नाम नै राइटर अङ्कल हो । उसको वास्तविक नाम भने मनिश हो । ऊ ३० वर्षीय मनिश प्रेमवियोगमा एक्लो बनेको प्रेमिल पात्र हो । प्रेमवियोग हुनु अगाडिदेखि नै साहित्य साधनामा रमाउने मनिश प्रेमवियोगपछि अझ एकचित्त भएर साहित्य साधनामा लागेको छ । प्रेमवियोगपछि ऊ पूरै आफ्ना जीवनका पीडा अनि व्यथाहरूलाई साहित्यका माध्यमबाट प्रस्तुत गर्दै समाज परिवर्तनमा आफूबाट केही योगदान पुग्न सक्छ कि भन्ने मानसिकताले लागेको पात्र हो । मनिशका माध्यमबाट पैसाको अभावमा एउटा साहित्यकारको जीवन कति कष्टपूर्ण बन्न पुग्छ र उनीहरूले समाजका धनी वर्ग भनाउँदा व्यक्तिहरूबाट केकस्तो अपमानित, तिरस्कृत भएर बस्नुपर्छ भन्ने कुरा यस एकाङ्की नाटकमा प्रस्तुत गरिएको छ । आर्थिक अभावकै कारण उसलाई आफ्नै प्रेमिका सिर्जनाले धोका दिएर उसलाई छाडेकी छे । आफूले सधैँ चोखो माया र जीवनभर साथ दिने वाचा गरे पनि पैसाको अगाडि मायाप्रेम केही होइन भन्दै पवित्र र चोखो मायालाई लत्याएर हिँडेकी सिर्जनाले धनाढ्य कैलाशसँग विवाह गरी । आफूले मनिशलाई छाडेर कैलाशसँग विवाह गरे पनि सिर्जना सन्तुष्ट भने बन्न सकेकी छैन किनकि उसको पति कैलाश नपुंसक छ । कैलाश नपुंसक छ भन्ने कुरा उसले थाहा पाएकी थिई वा थिइन भन्ने कुरामा एकाङ्की मौन छ । सिर्जनाले मनिशलाई त्यागेर कैलाशसँग विवाह गर्दा कैलाश नपुंसक थियो वा थिएन त्यो कुरा सिर्जनालाई थाहा नभए पनि पछि उसले थाहा पाएकी छे । त्यो कुरा थाहा पाएर पनि सिर्जना पैसाका आडमा आफ्ना सम्पूर्ण चाहनाहरू दबाएर मनिशकै गर्भलाई कैलाशको सन्तानका रूपमा जन्माएर हुर्काउन बाध्य छे । प्रस्तुत एकाङ्कीमा सिर्जनाको मानसिक अन्तर्व्यथा द्वन्द्वमय बनेको छ तर त्यो कुरा एकाङ्कीकारले दृश्य रूपमा प्रस्तुत

गरेका छैनन् । एकाङ्कीमा सिर्जनालाई एक छुच्ची आमाका रूपमा मात्र देखाइएको छ तर त्यो छुच्च्याइँ उसिभत्रको कुण्ठाको अभिव्यक्ति हो, पीडाको अभिव्यक्ति हो, असन्तुष्टिको अभिव्यक्ति हो, आफूले चयन गरेको लोग्ने नपुंसक भइदिंदा उसमा उत्पन्न भएको मनोरोगको परिणति हो, उसको मनभित्रभित्रै पाकेको घाउको पीडाको चीत्कार हो र उसभित्रको मनोविकारको अभिव्यक्ति हो ।

साहित्य समाजको दर्पण हो । साहित्यले समाज र व्यक्तिलाई चेतनशील बनाउँदै सच्चरित्रवान् र नैतिकवान् बनाउँछ । साहित्यकार चेतनाको संवाहक हो र उसले आफू मात्र होइन आफ्ना विचारका माध्यमबाट संसार बदल्ने सामर्थ्य राखेको हुन्छ । संसारका विभिन्न मुलुकहरू साहित्यिक कृतिका माध्यमबाट आन्दोलित हुँदै गएर परिवर्तन भएका छन् । ती मुलुकहरूमा साहित्यकारको जीवनस्तर अत्यन्त समुन्नत र वैभवशाली देखिन्छ तर नेपालमा भने कविकलाकार तथा साहित्यकारहरू खान नपाएर भोकभोकै बाँच्न विवश छन् । आवास नपाएर निरन्तर घरवालाहरूबाट खेदिन, अपमानित हुन, तिरस्कृत हुन, निरीह भई अनेकौं गालीगलौज पचाउँदै बाँच्न बाध्य छन्, यसलाई आफ्नै नियति मानेर भोग्न विवश छन् भन्ने कुरा यस एकाङ्की नाटकमा प्रस्तुत गरिएको छ ।

*राइटर अङ्कल* एकाङ्कीको पहिलो दृश्य मनिशको डेरामा घटित घटनामा आधारित छ । मनिश टेबुलमा केही लेखिरहेको बेला घरबेटीकी सानी छोरी रश्मि आएपछि उनीहरूका बिच भएको अनौपचारिक संवादबाट एकाङ्की अगाडि बढेको छ । घरबेटीकी छोरी रश्मि राइटर अङ्कलसँग अत्यन्त झुम्मिन्छे र उसैसँग बस्न, खेल्न मनपराउँछे । बालसुभल चाहनाअनुसार राइटर अङ्कलसँग अनेक जिज्ञासा राख्छे । आफ्नो स्कुलमा कुनै शिक्षिका मरेकी हुनाले स्कुल नगएकी बताउने रश्मिमा मान्छे किन र कसरी मर्छ भन्ने जिज्ञासा उत्पन्न भएको छ । ऊ राइटर अङ्कललाई मान्छे किन मर्छ भनी प्रश्न गर्छे तर राइटर अङ्कलबाट उसले चित्त बुझ्दो जवाफ पाउँदिन । आफ्नो जिज्ञासाको समाधान नभएपछि उसको मनोविज्ञानमा त्यस प्रश्नले जरो गाडेको छ । यस सन्दर्भमा रश्मिको मनोविज्ञानमा असर परेको हुनाले उसको मानसिकता विचलित बनेको सन्दर्भलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । बालबालिकाहरू धेरै जिज्ञासु र अबोध हुन्छन् । उनीहरूलाई समाजका ससाना घटनाहरूले जिज्ञासु बनाइराखेका हुन्छन् । ती जिज्ञासाहरूको सही समाधान हुन नसक्दा उनीहरूमा मानसिक तनाब उत्पन्न हुन्छ र उनीहरूको मानसिकता स्वच्छ रूपमा विकसित हुन सक्दैन भन्ने कुरा यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । रश्मिको प्रश्नको उत्तर राइटर अङ्कलले दिए पनि त्यसबाट उसको चित्त बुझेको छैन र उसको मनमस्तिष्कमा त्यस प्रश्नले गहिरो असर गरेको हुनाले प्रस्तुत एकाङ्की बालमनोविज्ञानको प्रयोगका दृष्टिले सशक्त एकाङ्की बन्न पुगेको छ ।

आफ्नी आमाले आफूलाई राइटर अङ्कलको कोठामा आउँदा किन हप्काउँदै कुट्ने गर्नुहुन्छ र अङ्कलको कोठामा आउँदा आफूबाट के गल्ती भयो भन्ने कुराको उत्तर पनि रश्मिले प्राप्त गर्न सकेकी छैन । जब जब रश्मि राइटर अङ्कलको कोठामा आउँछे तब तब कोठाबाहिर आफ्नी आमाको कर्कश आवाज र गाली रश्मिले सुन्नुपर्छ अनि कुटाइ पनि खानुपर्छ । यस्ता घटनाबाट रश्मिको मानसिकतामा गम्भीर चोट पुगेको छ । उसको मनोविज्ञान तनाबग्रस्त बनेको छ । आफूलाई माया गर्ने, आफूसँग खेल्न मनपराउने र गृहकार्य गर्न सहयोग गर्ने राइटर अङ्कलको कोठामा

गएबापत आफूले सजाए पाउनुपर्ने कुनै कारण नदेखेर रश्मिको मन विचलित बनेको छ । त्यो भिखारी राइटर अङ्कलको कोठामा अबदेखि जालिस् भन्दै आफ्नै आमाले बारम्बार यातना दिँदा पनि रश्मि राइटर अङ्कलको कोठामा आउन छाडेकी छैन । उसको मनमा राइटर अङ्कल आफ्ना आमाबाबुभन्दा पनि प्रिय बनेर, आत्मीय साथी बनेर, अभिभावक बनेर र शुभचिन्तक बनेर रहेको छ । त्यस कोठामा जाँदा आफ्नो प्रिय अङ्कललाई आमाले कोठाबाट निकालिदिने कुरा सुनेपछि बरु म त्यस कोठामा जान्न तर अङ्कललाई हाम्रो घरबाट ननिकाल्नुहोस् है भन्दै रश्मिले आफ्नी आमालाई गुहारेबाट उसको मनमा राइटर अङ्कलप्रति अत्यन्त धेरै हार्दिकता, बालसुलभ आत्मीय सम्बन्ध, निश्छल प्रेम रहेको देखिन्छ । उसको घरबाट राइटर अङ्कललाई निकाल्ने हो भने उसको कोमल हृदयमा गहिरो चोट पर्ने छ र त्यसले रश्मिको मनोविज्ञानमा गम्भीर नकारात्मक असर पर्ने देखिन्छ तर रश्मिकी आमाले आफूभित्रको कुण्ठाका कारण रश्मिलाई त्यस कोठामा जानबाट बारम्बार रोकेकी छे । उसमा आफ्नी छोरीलाई आफ्ना कठोर व्यवहारले केकस्तो असर पर्छ भन्ने चेतनासम्म छैन भन्दै सिर्जनाको जस्तो व्यवहार कसैले पनि आफ्ना बालबालिकामाथि कहिल्यौ पनि गर्नुहुँदैन भन्ने विचार यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत एकाङ्कीको पहिलो दृश्यको प्रारम्भमा नै रश्मिका माध्यमबाट बालमनोविज्ञानलाई सूक्ष्म रूपमा केलाइएको छ । बालबालिकाहरू निर्दोष र अबोध हुन्छन् । उनीहरूका मनमा अनेक कुराको बोध गर्ने चाहना र जिज्ञासा हुन्छ तर अभिभावक र समाजका व्यवहारले ती अबोध र निश्छल चाहनाहरू कुण्ठित हुँदा, आफ्ना निर्दोष जिज्ञासाहरू पूरा नहुँदा बालबालिकाहरूको मनोविज्ञानमा कस्तो नकारात्मक असर पर्छ र त्यसले उनीहरूको जीवनलाई केकसरी दुर्घटित बनाइदिन्छ भन्ने गम्भीर विचार देवानको *राइटर अङ्कल* एकाङ्कीको पहिलो दृश्यमा अत्यन्त कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत एकाङ्की नाटकको पहिलो दृश्यमा धीरज र मनिशको संवादका क्रममा नेपालमा लेखक, कलाकारहरूको दयनीय आर्थिक अवस्थालाई देखाइएको छ । ३० वर्षे मनिश राइटर बन्ने धुनमा अरू सबै कुरा छाडेर कल्पनाको संसारमा रमाउँदै शब्दहरूसँग खेल्नमा व्यस्त रहन्छ । शब्दहरूसँग खेल्दै जाँदा उसले निकै उपन्यासहरू तथा अन्य विभिन्न साहित्यिक कृतिहरू प्रकाशित गरिसकेको छ तर प्रकाशकहरूले उसको पारिश्रमिक नदिँदा उसको जीवन नै आर्थिक रूपले सङ्कटग्रस्त बन्न पुगेको छ । दुई महिनादेखि उसले कोठाभाडा तिर्न सकेको छैन । जसले गर्दा उसलाई घरबेटीले दिनहुँ जसो कस्तो भिखारीलाई कोठा भाडामा दिन पुगिएछ भन्ने तीतो गाली पटकपटक सुन्नु परेको छ । दुई महिनादेखि कोठाभाडा तिर्न नसक्ने र कोठामा खाने कुराको पनि अभाव हुनुले नेपालका लेखकहरूको आर्थिक अवस्था कति नाजुक छ भन्ने कुरालाई सङ्केत गरिएको छ । अरू देशमा लेखक कलाकारहरूको कत्रो सम्मान र इज्जत छ । उनीहरू मानसम्मान र इज्जतका साथ ऐसआरामको जिन्दगी बाँचेका हुन्छन् तर नेपालमा भने लेखक कलाकारहरू दुई छाक खान, एकसरो लाउन र बस्नका लागि एउटा घरसम्म बनाउन नसकेर डेरामा बसी डेराभाडासम्म तिर्न नसक्ने अवस्था देखाएर नेपाली लेखकहरूको कारुणिक आर्थिक दुर्नियतिलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । यस देशमा कलाकार तथा साहित्यकारहरूको कुनै मूल्य छैन ।

कलाकार तथा साहित्यकारहरूले आफ्ना सिर्जनाका माध्यमबाट चेतनाको नयाँ ज्योति प्रवाहित गर्छन् । देशलाई नयाँ चेतनाले आलोकित गर्दै मार्गनिर्देश गर्छन् तर यो यस्तो देश हो जहाँ लेखक, कलाकारहरू साहित्यसाधकहरू भोकभोकै मर्न विवश छन्, अपमानित भएर अभिशप्त जीवन बिताउनु पर्ने नियति छ भन्ने कुरा नाटककार देवानले राइटर अङ्कल एकाङ्की नाटकका माध्यबाट प्रस्तुत गरेका छन् ।

प्रस्तुत एकाङ्कीको दोस्रो दृश्यमा मनिश र रश्मिको संवादका क्रममा मनिशले तिम्री ममी तिम्रा बाले भनेको कुरा मात्र सुन्नुहुन्छ । अरूले भनेको कुरा सुन्नुहुन्न भनेपछि रश्मि किन मेरो बाबा अरूले भनेको सुन्नुहुन्न र ममीले भनेको मात्र सुन्नुहुन्छ भनी प्रश्न गर्छे । मनिशले तिमी अहिले सानै छौ कुरा बुझ्दिनौ पछि ठुली भएपछि सबै कुरा आफैँ बुझ्छौँ भन्दै निराश भएको बेला त्यसो हो भने मलाई आजै ठुली बनाइदिनुहोस् न त म बुझिहाल्छु नि (पृ.९०) भन्ने रश्मिको भनाइमा अबोधपन झल्कन्छ । उसको मनोविज्ञानमा कसैले ठुलो पार्दा ठुलो हुने र सानो पार्दा सानो हुने, ठुला मान्छेले जे गर्दा पनि हुन सक्छ भन्ने विचारले जरो गाडेको छ । यहाँ पनि रश्मिले आफ्नो प्रश्नको सही उत्तर नपाएर उसको मनोविज्ञानमा गम्भीर असर परेको छ ।

पहाडबाट झरेर घरबेटीका घरमा काम गर्न बसेको रमितेको व्यवहार र बोलीमा ठेट ग्रामीण नेपालीपन झल्कन्छ । रमितेले मनिशसँग चुरोट खान माग्दा एउटा चुरोटसम्म दिन सक्ने हैसियत मनिशको छैन । यसबाट उसको आर्थिक अवस्था कति दयनीय र कहाली लाग्दो रहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ । प्रस्तुत एकाङ्कीमा मनिश र मौसमीको संवादमा निस्वार्थ रूपले साहित्यको साधना गर्नेहरू गुमनाम रहेका तर चाकडी चाप्लुसीका भरमा नेताको पछिपछि हिँड्ने र उनीहरूकै गुनगान गाउँदै प्रज्ञाको दैलो चाहार्ने तथा राज्यको ढिकुटीमाथि हालिमुहाली गर्ने तथाकथित प्रज्ञा भनाउँदाहरूप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ । काठमाडौँमा सत्ताको वरिपरि घुमिरहने र राज्यकोषको दुरुपयोग गरिरहने प्राज्ञहरू बुद्धिजीवीहरू तथा साहित्यकाहरूलाई एकाङ्कीमा यसरी चित्रण गरिएको छ -

काठमाडौंवादी भेट्रान साहित्यकारहरू चाहिँ सत्ताको चाकडी गर्दै स्तुतिगानका ठेलीहरू बोकेर सिनोमाथि गिद्ध झुत्तिएझैँ प्रज्ञा प्रतिष्ठान परिसरमा झुत्तिरहेका छन् । राज्यको ढिकुटीमा मोज गरिरहेका छन् । सत्ता र काठमाडौं कहिल्यौ सुध्रिँदैन । यही कारणले देशको साहित्यक क्षेत्र मगन्ते पेशा बनेको छ । विदेशका साहित्यकारहरूले लेखेकै भरमा सम्पन्न र सम्मानित जीवन बिताउँछन् । गाडी बङ्गाला अनि व्याङ्क व्यालेन्स हुन्छ । (देवान,२०७६ , पृ.१०४)

कवि, कलाकार, साहित्यकारहरू देशका गहना हुन् । साहित्यका माध्यमबाट समाज परिवर्तन गर्न सकिन्छ । साहित्य समाजको दर्पण हो । साहित्यले मानवमा सिर्जनशीलताको विकास गरी कर्मशील देशभक्त र कर्तव्यनिष्ठ बनाउँछ भन्ने भावना यो देश सञ्चालन गर्ने नेतृत्ववर्गमा कहिल्यै आएन । देशको कला, संस्कृति र सभ्यताका संवाहक साहित्यकारहरूको जीवन कहिल्यै माथि उठ्न सकेन, त्यसैले नेपाली साहित्यकारहरूको जीवन कति कष्टपूर्ण छ भन्ने कुराको ज्वलन्त उदाहरण यी माथिका अभिव्यक्तिहरूमा प्रस्तुत भएको छ । सत्ताको वरिपरि गिद्धले

सिनो खोजेझैँ राज्यको ढिकुटीमाथि हालीमुहाली गर्न पल्केका कथित साहित्यकारहरूप्रति कसिलो र तीखो व्यङ्ग्य यस अभिव्यक्तिमा प्रस्तुत गरिएको छ ।

साहित्यले युगको आवाज बोकेको हुन्छ । युग परिवर्तनको संवाहक साहित्य हो । विश्वका ठुलाठुला क्रान्ति र परिवर्तनहरू साहित्यका माध्यमबाट नै सम्भव भएका छन् । साहित्यमा जुन बल, शक्ति र सामर्थ्य हुन्छ त्यो अन्य कुनै पनि शस्त्रअस्त्रमा हुँदैन भन्ने कुरा एकाङ्कीमा यसरी प्रस्तुत गरिएको छ - एउटा कविता अनि उपन्यासले मात्रै पनि देशमा युगान्तकारी परिवर्तनको उथलपुथल ल्याउन सक्छ भन्ने कुरा दक्षिण अफ्रिकाका गोराशाही विरोधी काला जातिका मुक्ति कवि बेन्जामिर मोलायसको कविता र रुसी लेखक म्याक्सिम गोर्कीको *आमा* उपन्यास साक्षी छन् । (देवान,२०७६ ,पृ.१०४)

देशमा भएको अन्याय, अत्याचार, शोषण र निरङ्कुशताका विरुद्ध सशक्त आन्दोलनमा साहित्यले हतियारको काम गर्छ । साहित्य यस्तो हतियार हो, जसले संसारका ठुलाठुला हतियारहरूलाई परास्त गरी देशको स्वाभिमानलाई सगरमाथाझैँ उच्च राखेको थियो तर यस देशको बिडम्बना तथाकथित साहित्यका ठेकेदारहरूले सत्ताको स्तुतिगान गाएर जनतामा भ्रमको खेती गरिरहेका छन् । प्रज्ञाका नाममा सत्तास्वार्थका लोभीपापीहरू सिनुमा गिद्ध झम्टिए जसरी झम्टिरहेका छन् भन्ने विचार यस एकाङ्की नाटकमा प्रस्तुत भएको छ ।

प्रस्तुत एकाङ्कीको तेस्रो दृश्यमा मनिश र रश्मिका बिच भएको संवादमा गरिबीकै कारण कसरी आफन्तहरू टाढिँदै जान्छन् र जीवन एक्लो बन्न पुग्छ भन्ने विचार प्रस्तुत भएको छ । रश्मिले राइटर अङ्कललाई किन तपाईँको कोठामा टिभि, फ्रिज, दराज छैन ? किन तपाईँका लुगा मेरा बाका जस्ता दामीदामी छैनन् ? के तपाईँ गरिब हो ? भनी गरेको प्रश्नको उत्तरमा मनिशले व्यक्त गरेको विचारमा मानिस सम्पत्ति नभएपछि र गरिब भएपछि सबैबाट एक्लिन्छ र ऊ सहाराविहीन हुन्छ भन्ने कुरा एकाङ्कीमा यसरी प्रस्तुत भएको छ -तिमीले ठीक भन्यौ नानू म धेरै गरिब छु । यही गरिबीले गर्दा नै मेरी उनीले पनि मलाई सदाको लागि छाडेर गइन् मेरा सपनाहरू ध्वस्त बनाएर । (पृ.११०) साहित्यकारहरूको जीवन आर्थिक अभावे कारण कति कष्टपूर्ण बनेको हुन्छ आफन्तहरूले नै छोडेर हिँडेपछि कसरी लेखकहरू विगतको स्मृतिमा मनलाई भुलाउन बाध्य भएर बाँचेका हुन्छन् भन्ने कुरा प्रस्तुत एकाङ्कीका यी अभिव्यक्तिरूबाट स्पष्ट हुन्छ । मानिस जब परिपक्व हुँदै जानेछ ठूलो हुँदै जानेछ तब उसले संसारका सारा गतिविधिहरू थाहा पाउनेछ । यस संसारमा चोखो माया गर्नेभन्दा पैसाको पछि लाग्ने जमात ठूलो छ । जताततै आतङ्क छ भय छ सन्त्रास छ छट्पटी छ निराशा छ र कुण्ठा छ । यी सबै कुराको बोध गर्न ठुली हुनुपर्छ । यी सबै कुरा बुझ्न थालेपछि बालापनको निश्छलता, अबोधपन, जिज्ञासा, निस्वार्थ, प्रेम, उन्मुक्त हाँसो र बालसुलभ चञ्चलता सबै समाप्त हुनेछ त्यसैले तिमी ठूली नबन भन्ने मनिशको कथनमा समाज, देश र विश्वको हाहाकारमय जटिल अवस्थाको सङ्केत गरिएको छ भने जीवनको सबैभन्दा प्रिय र राम्रो क्षण बालापन हो, बालापनमा बाँच्न जति सजिलो छ, यहाँ ठुलो भएपछि बाँच्न सहज छैन । यहाँ जीवन बिताउन प्रत्येक पल मर्दैमर्दै बाँच्नुपर्छ । आँसुका घुड्काहरू पिउँदै ओठमा मुस्कान ल्याउनुपर्छ भन्ने मनिशको कथनले वर्तमान समाज, देश र विश्वको मानवताविहीन

स्वार्थी समाज तथा विध्वंशकारी अवस्थाको कलाही लाग्दो अवस्थाको अभिव्यक्ति यस एकाङ्कीमा भएको छ । त्यसैले यहाँ चेतनशील भएर बाँच्न गाह्रो छ बरु चेतनाविहीन हुनु नै श्रेयस्कर छ भन्ने विचार यस एकाङ्कीमा प्रकट भएको पाइन्छ ।

प्रस्तुत एकाङ्कीको तेस्रो दृश्यमा नारीले सामाजिक मर्यादाका कारण बाध्यतावश सम्पूर्ण जीवनलाई कसरी जीवनको एउटा सिङ्गो पाटो लुकाएर बाँच्नुपर्छ भन्ने कुरालाई पनि अत्यन्त सुन्दर रूपमा प्रस्तुत गरिएको छ । यस दृश्यमा नारीको बाध्यतापूर्ण जीवन भोगाइलाई अत्यन्त कलात्मक रूपमा प्रस्तुत गरिएको छ । मनिशकी पूर्वप्रेमिका नै कैलाशकी पत्नीका रूपमा घरबेटी बनेर बसेकी छे । सिर्जना आफ्नी छोरी रश्मि मनिशको कोठामा गएको पटक्कै मनपराउँदिन । यो उसभित्र रहेको एक किसिमको छट्पटी र विरक्तिको भाव उसको छुच्चो स्वभावबाट प्रकट भइरहेको छ । मनिशले सिर्जनालाई तिम्रो पति नपुंसक छ त्यसबाट कसरी सन्तान हुन सक्छ र ? रश्मि तिम्रो र मेरो पवित्र प्रेमकी प्रतीक हो भनेपछि सिर्जना त्यसको उत्तर दिन सक्दिन । अघिसम्म ठुलोठुलो स्वरमा कराउने सिर्जना एउटै वाक्यले मौन बन्न बाध्य भएकी छे । यसबाट नारीहरू पैसाका लागि आफ्नो पवित्र प्रेमलाई पनि तिलाञ्जली दिएर पद र पैसावालसँग सुखपूर्वक जीवन बिताउने प्रयत्नमा लागिरहेका हुन्छन् तर उनीहरू अन्तर मनका पीडाका अनेक पहाडहरू सहेर बाँचिरहेका हुन्छन् । मनभित्रै विगतको संसारलाई दबाएर समाजका केही आफ्नो कुनै विगत नभएको भान पारिरहेका हुन्छन् र वर्तमानमा नै रमाउने प्रयत्न गरिरहेका हुन्छन् तर उनीहरूको विगत जस्तो सुकै कहाली लाग्दो, सुन्दर, प्रभावशाली जे भए पनि त्यसलाई मनभित्रै दबाएर बाँच्न बाध्य बनेका हुन्छन् भन्ने कुरा यस एकाङ्कीमा प्रस्तुत गरिएको छ ।

सिर्जनाले मनिश गरिब भएकै कारण उसलाई छाडी आफू सम्पत्तिवाल कैलाशसँग विवाह बन्धनमा बाँधिएकी छे तर उसले आफू विवाह बन्धनमा बाँधिनुपूर्व नै मनिशको गर्भ बोकेकी थिई । कैलाश नपुंसक छ भन्ने थाहा पाएर पनि ऊ आफ्नी छोरीको बाबु कैलाश नै हो भनिरहेकी छे तर मनिशले सबै कुरा थाहा पाएपछि ऊ कुनै जवाफ दिन सक्दिन । यसबाट नारीहरू मनमा कति पीडाहरू लुकाएर कति आफ्ना विगतका घटनाहरूलाई दबाएर आफूलाई केही भएको छैन, आफ्नो विगत केही थिएन, जीवन स्वाभाविक रूपमा वर्तमानमा सुखी साथ चलिरहेको छ भन्ने भान पार्न सफल हुन्छन् भन्ने कुरा प्रस्तुत एकाङ्की नाटकमा मनोवैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत एकाङ्की नाटकको चौथो दृश्यमा रश्मि र मनिशको पीडादायी बिछोड भएको छ । सिर्जनाले आफ्नो पति कैलाशलाई भनेर मनिशलाई कोठा छोड्न बाध्य बनाएकी छे । कैलाशले सो कुरा भन्न नपाउँदै मनिश म आजै डेरा छोडी दिन्छु भन्छ । मनिश जाने बेलामा रश्मिसँग भेट गरेर जान लाग्दा बालिका रश्मिसँग मनिशलाई र मनिशसँग बिछोड हुन रश्मिलाई असह्य पीडाबोध भएको छ । यहाँ आएर सामाजिक परिस्थितिका कारण मनिश कतिसम्म निरीह बन्न बाध्य हुन्छ, व्यक्ति आफ्नै सन्तानलाई पनि आफ्नो भन्न सक्ने परिस्थितिमा हुँदैन, आफ्नै रगतलाई पनि पराइका हातमा छोडेर जान व्यक्ति विवश हुन्छ भन्दै मानिस केही होइन, परिस्थितिको दास मात्र हो, नियतिको दास मात्र हो विषम परिस्थितिका अगाडि निरीह मानवको केही उपाय लाग्दैन र त्यो निरीहता आर्थिक कारणले नै सिर्जना

गरेको हुन्छ भन्ने कुरा यस एकाङ्कीमा प्रस्तुत गरिएको छ भने समाजको जटिल संरचना र सामाजिक मर्यादाका कारण मनिशजस्ता प्रेमीहरू कसरी मर्दैमर्दै बाँचेका छन्, आँसु पिएर ओठमा मुस्कान ल्याउन बाध्य छन् भन्ने कुरा यस दृश्यमा अत्यन्त कारुणिक, मर्मस्पर्शी र हृदयविदारक रूपमा प्रस्तुत गरिएको छ।

## निष्कर्ष

नाटककार गोपाल देवानको *दमनको राप* नाटक सङ्ग्रहमा सङ्कलित *राइटर अङ्कल* आर्थिक सङ्कट र मनोविज्ञानको सुन्दर संयोजन गरिएको एकाङ्की हो। प्रस्तुत एकाङ्कीमा लेखक कलाकारहरूको आर्थिक दयनीय अवस्थाको कारुणिक चित्रण गरिएको छ भने आर्थिक अभावकै कारण लेखक कलाकारहरूले समाजमा कति प्रताडित भएर बाँच्नुपर्छ, कति अपमान र तिरस्कारका वचनहरू सहेर अभिशप्त जीवन बाँच्न विवश हुनुपर्छ भन्ने कुरा देखाइएको छ । लेखक भएर यस मुलुकमा बाँच्न कठिन छ । लेखक, कलाकारहरूलाई समाजमा सम्पन्न भनाउँदाहरूले मानवीय व्यवहारसम्म गर्न सक्दैनन् । नित्य तिरस्कार र तीखा वचन वाणहरू सहेर लेखक कलाकारहरू बाँच्न विवश हुनुपरेको यथार्थलाई देखाउनु यस एकाङ्कीको मूल सन्देश हो।

प्रस्तुत एकाङ्कीमा अभावग्रस्त लेखकको कारुणिक जीवनको चित्रणसँगै एउटी निर्दोष बालिकाको मनोविज्ञान र एक विवश नारीका अन्तरपीडाहरूलाई पनि अत्यन्त कलात्मक रूपमा प्रस्तुत गरिएको छ। लेखक मनिशले बालिका रश्मिलाई तिमी अहिले यी कुरा बुझ्दिनौ ठुली भएपछि सबै कुरा आफैँ बुझ्छौ भन्दा रश्मिलाई तत्काल ठुली हुन लागेका रहरहरू, रश्मिले आफूलाई तत्काल ठुली बनाउन मनिशसँग गरेका बारम्बारका आग्रहहरूमा बालमनोविज्ञान प्रकट भएको छ। बालबालिकाहरू निर्दोष, निष्कपट, निष्कलङ्क र अबोध हुन्छन्। उनीहरूको मनमा जेजस्ता जिज्ञासाहरू उत्पन्न हुन्छन् ती प्रश्न तथा जिज्ञासाहरूको उचित समाधान भएन भने उनीहरूको मनमस्तिष्क विचलित र अन्योलग्रस्त बन्दै जान्छ। त्यसैले बालबालिकाहरूको मनोविज्ञानमा असर गर्ने व्यवहार कुनै पनि समाज र अभिभावकहरूले गर्नु हुँदैन भन्ने विचार प्रस्तुत गर्नु पनि यस एकाङ्कीको अर्को उद्देश्य हो। सिर्जनाका मनभित्र अनेकौं कुण्ठाहरू जमेर बसेका छन्। आफूभित्र जतिसुकै पीडाहरू भए पनि नारीहरू विगतलाई सबै भुलेर वर्तमान र भविष्यमा रमाउन चाहन्छन् र सुखी हुन चाहन्छन् भन्ने विचार सिर्जनाका क्रियाकलापका माध्यमबाट प्रस्तुत गरिएको छ। यिनै नेपाली लेखक कलाकारहरूका आर्थिक दुर्नियतिको चित्रणका साथै रश्मिको बालमनोविज्ञान केलाउँदै सिर्जनाका अन्तरपीडाको उद्घाटन गर्नु नै राइटर अङ्कल एकाङ्कीको मूल सन्देश हो भन्ने निष्कर्ष प्रस्तुत लेखको विश्लेषणबाट निकालिएको छ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, चन्द्रमणि (२०६५), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू*, मणि पुस्तकालय ।

आचार्य, कृष्णप्रसाद (२०६२), *पाश्चात्य साहित्यसिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना*, क्षितिज प्रकाशन ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* साझा प्रकाशन ।

काफ्ले, नेत्रप्रसाद (२०७६), प्रकाशकीय, भित्र *दमनको राप नाटक संग्रह*, लेखक गोपाल देवान ।

देवान, गोपाल, (२०७६), *दमनको राप नाटक संग्रह*, श्री नेत्रप्रसाद काफ्ले ।

न्यौपाने, सुभाषचन्द्र (२०७९), अधूरो क्यान्भासमा राजनैतिक व्यङ्ग्य, *ब्लाष्ट टाइम* राष्ट्रिय दैनिक, (वर्ष २८, अङ्क १६४, पूर्णाङ्क ९५४३, फागुन २७, पृ.२)

न्यौपाने, सुभाषचन्द्र (२०८०), अधूरो क्यान्भासमा राजनैतिक व्यङ्ग्य र विसङ्गति, *ज्ञानदीप (विज्ञसमीक्षित जर्नल)*, (पूर्णाङ्क ५ अङ्क १, पृ.१३०-१३८)

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तकभण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता वाद र प्रणाली,* (ते.सं.), साझा प्रकाशन ।

श्रेष्ठ, सरुभक्त (२०७६), अविराम शुभकामना, भित्र *दमनको राप नाटक संग्रह*, लेखक गोपाल देवान ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति*, (दो.सं.), साझा प्रकाशन ।